# ईशनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, औँरैया, रौतहट
मधेश प्रदेश, नेपाल

पत्र संख्याः — २०८१/०८२ मितिः २०८२।०२।२७

चलानी नं. — ने.स. ११४५

### तह बृद्धि/स्तर बृद्धि बढुवा सम्बन्धी सूचना !

मधेश प्रदेश सरकारबाट जारी भएको मधेश प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा ४ को उपदफा ६, दफा २९ (१) (२) बमोजिम तह बृद्धि/स्तर बृद्धि गर्नुपर्ने भएकोले तपसील बमोजिम सेवा अवधि तथा न्यूनतम शैक्षिक योग्यता पुगेका र ईशनाथ नगरपालिकाका स्थायी कर्मचारीहरूले सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र ईशनाथ नगरपालिकाको कर्मचारीहरूको तह बृद्धि/स्तर बृद्धि बढुवाको लागि देहाय बमोजिमको सम्पूर्ण कागजात सहित नगरपालिकाको प्रशासन शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल**

क) स्थानीय सेवा (स्थानीय स्वास्थ्य सेवा बाहेक)

| क्र.सं. | हालको तह | तह बृद्धि/स्तर बृद्धि | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | चौथो | पाँचौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको। |
| २. | पाँचौ | छैठों | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण गरेको। |

ख) स्थानीय स्वास्थ्य सेवा

| क्र.सं. | हालको तह | तह बृद्धि हुने पद | सम्बन्धित तहमा सेवा अवधि |
|---|---|---|---|
| १. | चौथो | पाँचौ | पाँच वर्ष |
| २. | पाँचौः<br>(क) शुरु नियुक्ति भएका वा पाँचौ तहमा स्तर बृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पुरा भएका<br>(ख) पाँचौ तहमा आन्तरिक प्रतियोगितात्मक परिक्षाद्वारा बढुवा/स्तर बृद्धि भएका मध्ये सो तहका लागि न्यूनतम शैक्षिक योग्यता नभएका। | छैठों | क) पाँच वर्ष<br>ख) पाँच वर्ष |
| ३. | छैठौः<br>क) छैठौं तहमा लोक सेवा आयोगको प्रक्रिया नियुक्त भएका।<br>ख) छैठौं तहमा स्तर बृद्धि भएका मध्ये बरिष्ठ पाँचौ तहमा तह मिलान भएका<br>ग) छैठौं तहमा स्तर बृद्धि भएका मध्ये पाँचौ तहमा शुरू नियुक्ति भएका। | सातौं | क) स्वत<br>ख) पाँच वर्ष<br>ग) पाँच वर्ष |

**आवश्यक कागजातहरूः**

१) तह बृद्धि/स्तर बृद्धि बढुवाको लागि निवेदन पत्र थान- १
२) शुरू नियुक्ति पत्रको प्रतिलिपि थान- १
३) तह बृद्धि/स्तर बृद्धि बढुवा भएको पत्रको प्रतिलिपि थान-१
४) सामायोजन पत्र/समायोजन मिलान पत्रको प्रतिलिपि थान - १
५) कार्यालयमा हाजिर भएको पत्रको प्रतिलिपि थान- १
६) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि थान- १/१
७) प्राविधिकको हकमा सम्बन्धित व्यवसायिक परिषद्को अद्यावधिक प्रमाणपत्र थान-१
८) पछिल्लो तीन आ.व. को का.स.मू. थान १/१

.........................................